मितिः २०८१/०१/२१
ने.सं.: ११४४ चौलागा १० शुक्रबार
**स्थानः** जिल्ला प्रशासन कर्यालयको सभाहल
**समयः** दिनको ११:०० बजे
**बैठकः** जिल्ला विपद् व्यस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी, गैरसरकारी निकायहरु वीच समन्वयात्मक बैठक ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

निर्णयहरु:

१. यस अघि बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा गरियो ।

२. विगत केहि दिन अघि देखि यस जिल्लाका विभिन्न भू-भाग एवं सामुदायिक वन क्षेत्र भित्र आगलागीका घटनाहरु बारम्बार घटिरहेका हुँदा सामुदायिक बनका पदाधिकारीहरु, डिभिजन वन कार्यालय एवं आसपासमा बसोबास गर्ने आम नागरिकले वन डढेलो लाग्न नदिने, लाग्न सक्ने क्षेत्रहरुमा सुक्ष्म निगरानी बढाउने र आगलागी भएको भए सोको जानकारी डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय लगायतमा दिने।

३. डिभिजन वन कार्यालय, रामेछाप र सबै नगरपालिका/गाउँपालिकाहरुले वन डढेलो लाग्न सक्ने सामुदायिक वनहरुको सूचिकरण गरी वन डढेलोको जोखिममा रहेका सामुदायिक वन क्षेत्रहरुमा रहेका नजिकका मानवबस्ती, बाटो हिड्ने बटुवा, वस्तुभाउ चराउने, घाँसदाउरा गर्ने व्यक्तिहरुमाथि उच्च निगरानी बढाउने साथै संकास्पद व्यक्ति तथा समूहको जानकारी डिभिजन वन कार्यालय, सुरक्षा निकाय लगायतका सम्बन्धित निकायहरुमा दिने ।

४. स्थानीय बासिन्दा र समुदाय नै सचेत नभएसम्म वन डढेलोको जोखिम घटाउन र नियन्त्रण गर्न नसकिने हुँदा स्थानीय समुदायलाई सचेत गराउन सामुदायिक वन उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता महासंघको सबै संयन्त्र, डिभिजन वन कार्यालयले सचेतना र निगरानीलाई बढि भन्दा बढि प्रभावकारी रुपमा फैल्याउने ।

५. वन डढेलो नियन्त्रणका लागि प्रतिकार्यमा प्रयोग हुने उपकरणहरु पर्याप्त उपलब्ध नहुनुको कारणले वनडढेलो नियन्त्रणमा कठिनाई भएको हुँदा संघ/संस्था र पालिकाहरुले सामुदायिक वनका पदाधिकारीहरुलाई सचेतना सहित सामग्री उपलब्ध गराउन अनुरोध गर्ने साथै आवश्यक सामग्रीहरुको प्रबन्ध गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

६. आगलागीका घटनाहरुबाट प्रभावित परिवारहरुलाई दैनिक जनजीवन सहज बनाउन क्षति भएका पूर्वाधार निर्माण र तत्काल राहतका सामग्रीहरुको प्रवन्ध गर्न क्षेत्रगत कार्यालय/निकायहरुलाई अनुरोध गर्ने ।

७. आगलागीबाट प्रभावितहरुका लागि संघ/संस्था, व्यक्तिहरुले उपलब्ध गराउने राहत सामग्रीहरु उपलब्ध गराउँदा स्थानीय तहसँग समन्वय गरी प्रभावित क्षेत्रमा आवश्यकताका आधारमा उपलब्ध गराउन अनुरोध गर्ने ।

८. स्थानीय तह, व्यक्ति, संघ/संस्था, क्षेत्रगत कार्यालय लगायतमा रहेका विपद्का समयमा प्रतिकार्य लगायतमा प्रयोग गर्न सकिने उपकरणहरुलाई तयारी अवस्थामा राख्न अनुरोध गर्ने ।

९. आगलागी नियन्त्रण गर्न पोर्टेवल फायर पम्पको व्यवस्था गर्न डिभिजन वन कार्यालय, सबै नगरपालिका/गाउँपालिका, संघ/संस्था, सामुदायिक वन उपभोक्ता समितिलाई अनुरोध गर्ने ।

१०. आगलागी लगायतका विपद्जन्य घटनाहरु नियन्त्रण, प्रतिकार्य, उद्धार तथा राहतमा हालसम्म सबै निकायहरुबाट भएको समन्वय सहकार्यलाई थप प्रभावकारी रुपमा अगाडि बढाउने ।